# ५. बन्धनको मूल : 'मोह'

व्यक्तिको जीवनमा जब मोह उत्पन्न हुन्छ, तब उसले विचित्र कार्य गर्दछ। संसारी माया मोहका कारण व्यक्ति पनि धेरै प्रपञ्चमा फस्दछ कि उसले आफ्नो सारा जीवन बर्बाद पार्दछ।

बिहान सूर्य उदाउँछ र साँझमा अस्ताउँछ। यो क्रम अनादिकालदेखि नै चल्दै आएको छ। जो व्यक्तिले दिन-रात आत्मकल्याणको कार्य गर्दछ, कुनै दु:खीको सहायता गर्दछ, कुनै योगीको सेवा गर्दछ भने उसको दिन-रात सफल हुन्छ। तर, जो व्यक्तिले निजी स्वार्थलाई प्राथमिकता दिन्छ र परोपकारको भावना राख्दैन भने उसको दिन-रात व्यर्थ भएको मान्नुपर्दछ।

व्यक्ति मोह र लोभमा फँसेर आफ्नो अमूल्य जीवन गुमाउँछ। एउटा झूठ लुकाउनको लागि अनेकौं झूठ बोल्दछ। एउटा कमजोरी वा गल्ती लुकाउनका लागि जीवनमा कैयौं गल्तीहरू गर्दछन्। यसकारण व्यक्ति असत्यबाट बच्नुपर्दछ। व्यक्ति जब मोहको अधीनमा हुन्छ, तब इच्छापूर्तिका लागि घोटिरहन्छ। ऊ आफ्नो पूरा जीवन तोरी पेल्ने गोरुझैं अन्तिम अवस्थासम्म लागिरहन्छ तर इच्छा कहिल्यै समाप्त हुँदैन।

मोह मानवको कर्मबन्धनको मूल कारण हो। जो विचारवान् व्यक्तिले आफ्नो दुर्लभ मानव जीवनलाई सार्थक पार्न चाहन्छ, उसले सर्वप्रथम मोह-ममता त्याग गर्नुपर्दछ। सांसारिक सम्बन्धमा तथा सांसारिक पदार्थमा मोहमा आशक्ति राख्ने मानिस जीवनको अन्तिम अवस्थासम्म छुटकारा पाउँदैनन्। अतः यसलाई छोड्नको लागि प्रयास गर्नुपर्दछ।

# ६. अमूल्य समय

जसरी तिलमा तेल, दूधमा मख्खन, काठमा आगो हुन्छ, त्यस्तै प्रकारले शरीरमा आत्मा हुन्छ। सधैं शरीरको साथ बाँधिएको हुन्छ। परन्तु साँचो कुरा यो हो कि शरीर र आत्मा अलग हुन्। जस्तो दूधमा मख्खन निकाल्नका लागि उसलाई मोथ्नुपर्दछ, त्यसै प्रकारले आत्मालाई जान्नका लागि आत्मस्वरूपमा रमण गर्नुपर्दछ। गहन चिन्तन-मनन गरेपछि ज्ञानको ज्योति हृदयमा बल्दछ। जबसम्म मानिस सांसारिक पदार्थहरूमा आशक्त रहन्छ, तबसम्म उसको हृदय आत्मचिन्तनमा लाग्दछ, आत्मचिन्तनमा नलागीकन, आत्मस्वरूपमा नरमाइकन बिनामुक्ति सेवा प्राप्त हुन सक्दैन।

धन हरायो भने पनि फेरि प्राप्त गर्न सकिन्छ तर यदि हाम्रो हातबाट निक्ल्यो भने फेरि दोस्रोपटक प्राप्त गर्न सकिँदैन। यसैका लागि भगवान् महावीरले समयको महत्व सम्झाउनका लागि गौतमसँग बारम्बार भने- 'समयं गोतम मा पमाएए' अर्थात् गौतम ! क्षणभरका लागि पनि प्रमाद नगर ! यो समय बडो अमूल्य छ। यसको महत्व सम्झ। यो मानव शरीर बारम्बार मिल्दैन। संसारको सुख क्षणिक सुखमात्र हो। यसको पछाडि नरकादिका अनेकौं दुःखहरू छन्। जस्तो- मह लागेको नखार चाटेजस्तो ! बाहिरबाट मह तर भित्र तेज धार भएको तरवार, जसले दुःख दिने निश्चित छ। जो व्यक्ति यो सत्यलाई बुझेर स्वेच्छापूर्वक संसारका क्षणित सुखलाई त्याग्दछ, उसले आफ्नो आत्माको कल्याण गर्दछ।

# ७. जात नसोध साधुको

भगवान् महावीरले शूद्र जातिको उत्थानको लागि ठूलो अवसर दिनुभयो। उहाँले जताततै एउटै सन्देश दिनुभयो- मानिस सबै एउटै हो। 'एगा माणुस्सा जाई।' उहाँको सिद्धान्त जातिमूलक नभई कर्ममूलक छ। मानिस जातले नभई कर्मले महान् हुन्छ। जन्मले मनुष्यको जात हुँदैन। मानिस आफ्नो कर्मद्वारा उँचनीच हुन्छ।

जाति वा कुलको अहंकारबाट व्यक्ति उन्माद वा हिंसाको क्षेत्रमा लम्कन्छ। आफ्नो कुलको मान, मर्यादा र कीर्तिको रक्षा गर्दै यस्ता कार्य गर्नुपर्छ, जसले कुलको चमक बढोस्। भुलेर पनि आफ्नो सामुन्ने खराबीपन नआओस्।

शरीर कुरूप हुनु खराब होइन, नराम्रो होइन। यदि हाम्रा विचार नराम्रा छन् र फोहोरी छन् भने त्यो खराब हो। अष्टावक्रको शरीर कुरूप भए तापनि राजा जनकले उनलाई आफ्नो गुरु बनाए। यदि शरीरमा विष छ भने सर्पको मणिले पनि आकर्षित पार्दैन। यसप्रकार यदि हाम्रो शरीरमा अहंकाररूपी विष भरिएको छ भने कसैलाई पनि आफूतिर आकर्षित गर्न सकिँदैन। यदि भित्र गुण छ भने हाम्रो भावना पवित्र हुन्छ। अरूहरू हामीसँग आकर्षित हुन्छन्।

जुन व्यक्तिको हृदयमा धर्म भरिएको हुन्छ, उसलाई देवताले पनि नमस्कार गर्दछ। शरीरको आर्कषणको कुनै मूल्य हुँदैन।

उत्तराध्ययन सूत्रमा हरिकेशबलको कथा आउँछ। हरिकेशबलको जन्म चाण्डालकुलमा भएको थियो। तर, उसले आफ्नो कर्मद्वारा देवतुल्य गुण प्राप्त गर्‍यो, जुन ब्राह्मणहरूका लागि पनि सरल थिएन।

जात नसोध साधुहरूको ...। साधुता नै साधुसन्तको जात हो। जातीय अन्धताको कलुषित भावनालाई तोडेर सत्यताको उन्मुक्त विहार गर्न सक्ने छुट्टै लोक आकाशको अन्तिम शिखरमा स्थिति सिद्धशिलाको अतिथि बन्न पुग्छ।

# ८. त्यागबिना मुक्ति असम्भव

महापुरूषहरूले संसारलाई सागर मानेका छन् । जन्म-जन्मान्तरदेखि आत्मा यस संसारमा डुब्दै र उत्रँदै आइरहेका छन् । मुमुक्षु प्राणी यसलाई पार गर्दै यसको अर्को किनारासम्म पुग्ने प्रयत्न गर्दछ, जब प्रभुको वचन हृदयमा उत्तारिन्छ, मन प्रभुको बोलीमा डुब्छ र वैराग्यका तरङ्गहरू उठ्न थाल्छ । तब संसारमा अन्य सुख-सुविधाहरू हामीलाई आकर्षित गर्न सक्दैनन् । चाहे जतिसुकै ठूलो सांसारिक आकर्षण नै किन नहोस् । विरक्त आत्माको त्यसमा कुनै रूचि हुँदैन ।

व्यक्ति आफ्नो मनको दृढताबाट महान् बन्दछ । मनका अशुभ भावलाई शुभ भावनामा परिवर्तन गरेर नै व्यक्ति महान् बन्दछ । बाह्य मन जब सांसारिक प्रवृत्तिहरूमा नाच्न, भड्कन चाहन्छ, तव अन्तरआत्मा उसलाई सावधान गर्दै भन्दछ- ब्रत, उपवास गर ! संयमता पालना गर ! भरपुर आराम गर ! अन्तरआत्माको आवाज सुनेर नै जीवन दिशा बदल्नुपर्दछ ।

त्यागबिना मुक्तिको अभिलाषा कहिल्यै पूरा हुन सक्दैन । आजसम्म कर्मबाट घर वा सन्तानबाट कुनै व्यक्तिको अमृतरूपी मोक्षलाई प्राप्त गरेका छैनन् । उसलाई यदि कसैले प्राप्त गरेको छ भने एकमात्र त्यागद्वारा प्राप्त गरेको छ ।

बन्धन र मोक्षको दुई आशय छ । ममताबाट प्राणी बन्धनमा पर्छ भने ममतारहित हुँदा मुक्त हुन्छ । तात्पर्य यो हो कि मानिसले जबसम्म सांसारिक पदार्थ र सांसारिक बन्धनमा ममता राख्दछ, ऊ संसारबाट मुक्त हुन सक्दैन ।

बन्धुहरू हो, तपाईंहरू सजक भएर आफ्नो लक्ष्यतर्फ अघि बढ्नुहोस् । अनन्तकालबाट आत्मा जुन भवसागरमा गइरहेको छ, उसलाई पार गर्दै अर्को किनारामा पुग्नु नै छ ।

# ९. कर्म शक्तिशाली

कर्मको गति अति गहन अर्थात् अगम्य हुने गर्दछ। संसारमा जति पनि प्राणी देखिएका छन्, त्यसमा कोही सुखी छन्, कोहीं दुःखी। यो सुख-दुःख कसको प्रभावबाट हुने हो ? यसको एकमात्र कारण हो- कर्म। यदि आत्मा शुभ कर्म गर्दछ भने सुख भोग्छ। अशुभ कर्म गऱ्यो भने दुःख भोग्छ। जुन जीवले जस्तो कर्म गरेको छ, फल भोगबिना उसलाई कदापि छुटकारा मिल्दैन। अवतारी पुरूषहरूलाई पनि कर्मबन्धनले छोडेको छैन।

अन्तकृत सूत्रमा श्रीकृष्णका साना दाजु गजसुकुमालको वर्णन आउँछ। गजसुकुमाल स्वयम् धारण गरेर आत्मतत्वको खोजमा ध्यानवस्थित हुन्छ। स्वयम् धारण गर्नासाथ उसको ९९ लाख भाव पूर्वकर्मको उदय हुन्छ। जसको परिणामस्वरूप उनको कोमल मस्तिष्कमाथि जलेको कोयलाको पाल बनाएर राखिन्छ। उनको माथि अग्नि जलिरहन्छ। तर, हृदय कषाय क्रोध आदि समाप्त भइरहेको हुन्छ। ऊ बिल्कुलै शान्त रहन्छ। उनको हृदयमा सोमिलप्रति कत्ति पनि क्रोध रहँदैन। ऊ आत्मामा लीन भई शरीरको समत्वबाट टाढा हुन्छन्। शरीरप्रति भएको यस्तो घटनाले उसलाई प्रभावित पार्न सक्दैन।

आत्माको कुनै कुनामा रहेको कर्म बन्धन कुनै न कुनैबेला उदय हुन सक्छ। कर्मको अगाडि ठूल्ठूला ज्योतिषी, ऋषिमुनिहरू पनि हार खान्छन्। कर्म गतिको विचित्रताको कारण राजा हरिश्चन्द्रजस्ता सत्यवादी र महारानी राजा पनि राज्य त्यागेर दुःख पाएर हिँड्नुपऱ्यो। यत्ति मात्र होइन, पत्नी र पुत्रबाट अलग भएर चण्डालको घरमा नोकरको काम गर्नुपऱ्यो।

कर्म-विडम्बना यसैलाई भनिन्छ। आफ्नो कर्मअनुसार जीव कहिले देवलोकमा, कहिले नरकमा र कहिले असुर देहमा जन्मन्छ। कर्मको उपार्जन नगर। जन्म-जन्मान्तर कर्मबाट मुक्त भएभैं यस संसारबाट मुक्त हुन सकिन्छ।